# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्याउली, भोजपुर

प.सं.०७९/८० | प्रदेश नं. १ नेपाल

मितिः- २०७९/०४/०५

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/०५

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरवार, काठमाडौं च.नं. ३६३ मिति २०७९/०३/२२ को पदपूर्ति सम्बन्धी प्राप्त पत्र तथा मिति २०७९/०३/२५ मा प्रकाशित सूचना अनुसार यस गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा रोजगार सहायक पदमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिम विवरण र राजश्व बुझाएको रसिद सहित यस अरुण गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौ तह सरह | १ (एक) जना |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको

ख) उमेरको हदः दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

ग) आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

२. दरखास्त दिने स्थानः अरुण गाउँपालिका प्याउली, भोजपुर।

३. दरखास्त दिने अन्तिम मितिः पदपूर्तिको सूचना प्रकाशित भएको मितिले १५ दिन र सो दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

४. आवेदनको दस्तुरः रु. ५००।- (पाँच सय मात्र)।

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. आवेदनका साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाणपत्र

घ) काम संग सम्बन्धित अनुभव भए सोको कागजात

ङ) तालिमको प्रमाणपत्र

च) दुई प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा अरुण गाउँपालिकाको वेवसाइटबाट समेत प्राप्त गर्न सकिनेछ।

..................

सूर्यबहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत